# जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७५।०७।१४

जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्ने सम्बन्धमा नियमावली वनाउन वान्छनीय भएकोले गाउँ/नगर/जिल्ला सभा सञ्चाचालन (कार्यविधि) ऐन, २०७५ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "जिल्ला समन्वय अधिकारी" भन्नाले नियम ४ बमोजिमको जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

३. **समितिको अन्य काम, कर्तव्य र अधिकार** : (१) संविधानको धारा २२० को उपधारा (७) तथा अन्य प्रचलित प्रदेश कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) जिल्ला भित्रका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तह बीच समन्वय गर्ने,

(ख) जिल्लाभित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने,

(ग) जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(घ) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरण गर्ने,

(ङ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(च) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ज) जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(झ) जिल्लाको समग्र विकासका लागि सरोकारवालासँग छलफल र समन्वय गर्ने,

(ञ) जिल्लाभित्र सञ्चालित सङ्घीय तथा प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा संङ्घीय तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र सहयोग गर्ने,

(ट) जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(ड) जिल्लाभित्रका स्थानीय तहले तर्जुमा गरेका कानूनको अभिलेखिकरण गर्ने,

(ढ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षा आयोजना गर्ने,

(ण) नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले वालमैत्री लैङ्गिक मैत्री, अपाङ्ग मैत्री, वातावरणमैत्री, सरसफाइ, खोप, साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन संघीय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

(त) स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन/ परिक्षण गरी सो को प्रतिवेदन संघीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

(थ) उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(द) नदीजन्य पदार्थ उत्खननको क्रममा तोकिएको मापदण्ड विपरीत उत्खनन एवं

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बिक्री गरेको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ध) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

४. **<u>जिल्ला समन्वय अधिकारी सम्बन्धमा</u>** : (१) निजामति सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीले समितिको प्रशासकीय प्रमुखको रुपमा रही कार्य गर्नेछ ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको सचिवको रूपमा रही प्रशासनिक काम गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लास्थित सङ्घ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबीच समन्वय गर्ने गराउने,

(घ) समितिको आर्थिक कारोबारको अभिलेख दुरुस्त राख्ने र लेखापरीक्षण गराउने,

(ङ) समितिको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) समितिले गर्नु पर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(छ) समितिको प्रमुखको निर्देशनमा समितिको बैठक बोलाउने, समितिको बैठकको निर्णयको माइन्यूट गर्ने, समितिको बैठकको निर्णय प्रमाणित गरी अभिलेख राख्ने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ज) समिति वा प्रमुखले निर्देशन वा तोकेका अन्य कार्य गर्ने।

५. <u>**समितिको समन्वयमा कार्य गर्ने**</u> : प्रदेश सरकार अन्तरगतका जिल्ला कार्यालयले समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ।

६. <u>**प्रतिवेदन पेश गर्ने**</u> : (१) समितिले प्रत्येक चार महिनामा र आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र आफूले गरेका समन्वय, अध्ययन, अनुसन्धान, अनुगमन तथा कार्यक्रम लगायतका कामको प्रतिवेदन स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालय र प्रदेश सरकार, मुख्यमन्त्रीको कार्यालयलाई दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. **<u>प्रकृया निर्धारण गर्न सक्ने</u>** : समितिले आफ्नो अधिकारक्षेत्रका कार्यलाई प्रभावकारी ढङ्गले समन्वय गर्न प्रकृया निर्धारण गर्न सक्नेछ ।

<u>द्रष्टव्यः</u>- केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ बमोजिम प्रदेश नं. ३ को सट्टा बागमती प्रदेश भन्ने शब्द राखी संशोधन गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश